कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३११ | वि.सं. २०८१ फागुन २० मंगलवार | नेपाल संवत: ११४५, फागुन शुक्ल पञ्चमी | Tuesday 4 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# बिषादी रोक्ने योजना बनाउँदै कर्णाली सरकार

**◣रमेश रावल**
**सुर्खेत, १९ फागुन ।**

कर्णाली प्रदेश सरकारले कर्णालीलाई बिषादीमुक्त बनाउनका लागि न्यूनिकरण अभियान थाल्ने भएको छ। कर्णालीका बेमौसमी तरकारी बढी उत्पादन हुने जिल्लामा बिषादीमुक्त बनाउन न्यूनिकरण अभियान थाल्ने भएको हो ।

प्रदेश सरकारको भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अर्न्तगतको एकीकृत कृषि प्रयोगशालाले बिषादीमुक्त बनाउनका लागि न्यूनिकरण अभियान थाल्ने भएको छ। त्यसका लागि चालू आर्थिक वर्षमा सल्यानको कपुरकोट गाउँपालिका, देलैखको नारायण नगरपालिका र सुर्खेतको बराहताल गाउँपालिकामा बिषादीमुक्त न्यूनिकरण अभियान थाल्ने भएको हो ।

बिषादीमुक्त बनाउनका लागि न्यूनिकरण अभियानमा बिषादी बढी प्रयोग हुने क्षेत्रका किसान, विद्यार्थी, शिक्षक तथा स्थानीयसँग छलफल तथा बिषादीका असरका बिषयमा जानकारी दिइने एकिकृत कृषि प्रयोगशालाका प्रमुख चित्रबहादुर रोकायले बताए। 'बिषादीका प्रयोगका असरका बिषयमा जानकारी दिइनेछ,' उनले भने, 'त्यसका लागि बिषादी प्रयोगले पार्ने असरका बिषयमा भिडियो डकुमेन्ट्री देखाउने काम हुनेछ।'

विगतका बर्षदेखि नै अर्गानिक कर्णाली प्रदेश बनाउनका लागि अभियान थालिएको भएपनि त्यसले पारेको प्रभावको बिषयमा कुनै जानकारी

▶ बाँकी ३ पेजमा




## माथिल्लो कर्णालीका खाद्य बस्तु अन्तर्राष्ट्रिय बजार

कर्णाली प्रदेशको माथिल्लो पाँच जिल्लामा अहिले रसायिनिक मलको प्रयोगमा प्रतिबन्ध लगाइएको छ। त्यहाँ उत्पादन हुने खाद्य बस्तुमा अर्गानिक भएकाले विदेश बजारमा पठाउने तयारी कर्णाली प्रदेश सरकारले गरेको छ।

कर्णालीका हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालिकोटमा रसायिनिक मल प्रयोग गर्न पाइदैन्। सरकारले पठाउने रसायिनिक कर्णाली तल्लो भागका जिल्ला सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुमपश्चिममा पठाउने गरिएको छ।

कर्णालीमा संघीयताअघि नै अर्गानिक कृषिको अभियान सुरु गरिएको थियो। जुम्लालाई साविक जिल्ला विकास समितिको १५ औं जिल्ला परिषद्ले २०६६ सालमा जुम्लालाई प्रांगारिक जिल्ला घोषणा गरेको थियो। त्यसयता जुम्लामा अभियानकै रुपमा स्याउलगायत तरकारी बालीमा विषादी प्रयोग रोक लगाएको छ।

कर्णालीमा उत्पादन हुने अर्गानिक खाद्य बाली अन्तर्राष्ट्रिय बजार पठाउनका लागि तयारी थालिएको त्यसका प्रक्रिया शुरु भएको भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सचिव परशुराम रावतले बताए। 'कर्णालीको उत्पादन हुने खाद्य बस्तु अन्तर्राष्ट्रिय बजारमा ल्याउनका लागि मूल्यावान लोगो समेत प्रयोगमा आइसकेको छ,' उनले भने,'त्यसलाई अन्तर्राष्ट्रिय बजारमा पठाउनका लागि अहिले मन्त्रालयले तयारी थालेको छ।'

## बिषादी कम गर्ने अभियान छौं: वडाध्यक्ष

कर्णालीमा धेरै तरकारी उत्पादन गर्ने जिल्लामा सल्यान पर्दछ। त्यसमध्ये सल्यानको कपुरकोट गाउँपालिकामा धेरै बेमौसमी तरकारी उत्पादन हुने गर्दछ। यहाँका किसानले तरकारीमा बिषादीको प्रयोग तरकारी उत्पादन गर्ने गरेका छन्।

दाङको लमही, घोराही, तुलसीपुर र आसपासका तराईका बजारहरुसँग नियमित सम्पर्क हुनु, तराईका बस्तीहरुमा वर्खे र बेमौसमी तरकारीहरुको माग

▶ बाँकी ३ पेजमा

## सल्यान र हर्रेमा प्रयोगशालाको योजना अलपत्र

कर्णाली सरकारले सल्यान कपुरकोट र सुर्खेतको हर्रेमा विषादी परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आर्थिक वर्ष २०७६/७७ मा १/१ करोड रुपैयाँ विनियोजन गऱ्यो। तर, दुवै काम अहिले अलपत्र छन्। अर्गानिक अभियानकै अर्को महत्वाकांक्षी योजनाका रुपमा लिइएको यी दुवै आयोजना अलपत्र अवस्थामा रहेका छन्।

कर्णाली प्रदेशका प्रवेश गर्ने दुई नाकामा प्रविधिसहितको विषादी परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याइने हरेक वर्ष बजेट विनियोजन गर्ने गरेको छ। सल्यान र हर्रेमा प्रयोगशाला स्थापना गरिने अहिले सुर्खेतको वीरेन्द्रनगर बुलबुले हाटबजारमा प्रयोगशाला स्थापना भएर तरकारीको बिषादी जाच्ने काम भइरहेको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कर्णाली प्रदेश प्रमुख वेदप्रसाद चौलागाईले बताए।

## सेयर बजारमा कर्णालीको न्यून सहभागिता

**◣युग संवाददाता**
**सुर्खेत, १९ फागुन ।**

कर्णाली प्रदेशमा सेयर बजार तथा वस्तु विनिमय बजारका लागि ३ प्रतिशतले मात्रै डिम्याट खाता खोलेको पाइएको छ। नेपाल धितोपत्र बोर्डको आयोजना तथा नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशको समन्वयमा सुर्खेतमा भएको धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी लगानी कर्ता साक्षरता तथा सचेतना अभिवृद्धि कार्यक्रममा उक्त जानकारी गराइएको थियो।

सेयर बजार जस्ता विषयवस्तु कर्णाली प्रदेशका लागि नौलो भएका कारण न्यून मात्रामा डिम्याट खाता खोलेको तथ्यांक प्रस्तुत गरिएको थियो। नेपाल धितोपत्र बोर्डका उप कार्यकारी निर्देशक तेजप्रसाद देवकोटाका अनुसार कर्णाली प्रदेशमा वित्तीय साक्षरता दर ५९.७५ प्रतिशत रहे पनि सेयर बजारमा सहभागिता न्यून रहेको छ।

नेपालभर ६६ लाख ९ सय ८१ डिम्याट खाता खोली सेयर बजारमा लगानी गरिए पनि कर्णालीमा भने यस विषयमा जानकारी अभावका कारण कम मात्रामा खाता

▶ बाँकी ४ पेजमा

## 'देशलाई समृद्ध बनाउन राजनीतिलाई उत्पादनसँग जोड्नुपर्छ'



**◣युग संवाददाता**
**सुर्खेत, १९ फागुन ।**

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले देशलाई समृद्ध बनाउनका लागि राजनीतिलाई आर्थिक क्रान्तिसँग जोड्नुपर्ने बताएका छन्। नेपाल कम्युनिष्ट पार्टी सुर्खेतद्वारा आज वीरेन्द्रनगरमा आयोजित 'पत्रकार सम्मेलन' मा उनले कृषि तथा आर्थिक क्रान्तिबाट आत्मनिर्भर मुलुक निर्माण अबको मूल सवाल भएको बताए।

उत्पादनसँग जोडिएको पार्टीको अभियानअन्तर्गत सल्यान, रूकुम, रोल्पा, जुम्ला, कालीकोट, दैलेख हुँदै एक महिनाको अवधिमा सुर्खेत आई पुगेका उनले गफ चुट्ने नेताबाट देशको रूपान्तरण सम्भव नभएको तर्क गरे। उनले भने, "उत्पादनविनाको सुखभोग गर्नु कि भ्रष्टाचार हो कि त भने शोषण गर्नु नै हो। अब उत्पादन अभियानमा जोडिनुको विकल्प छैन। हरेकले पहिलो आफ्नो पार्टी, नेता, कार्यकर्ता आत्मनिर्भर बनाउँ अनि मात्र जनतालाई गएर उत्पादनमूलक कार्यमा जोडौँ। विदेशी एवं दातृ निकायहरूसँग ऋण लिने वा भिख मागेर देश समृद्ध बन्न सक्दैन।"

उनका अनुसार कर्णालीका डाँडापाखा ढाकिने गरी स्याउ तथा अन्य कृषि कार्य गर्न सकिन्छ तर अचेल कम्युनिष्ट नेतामा आवारा प्रवृत्ति बढ्दै गएको छ। नेता विप्लवले भने, "जनतामा जाँदा हरेकले माओवादी एक हुनुपर्ने इच्छा व्यक्त गरेको पाइयो।"

▶ बाँकी ३ पेजमा

## रारा घुम्न आएका पर्यटकको लेक लागेर मृत्यु

**◣युग संवाददाता**
**मुगु, १९ फागुन ।**

नेपालकै प्रमुख पर्यटकीयस्थल रारा घुम्न आएका एकजना आन्तरिक पर्यटकको मृत्यु भएको छ। रारा घुम्न आएका काभ्रेको धुलिखेल नगरपालिका-१० स्थायी ठेगाना भएका वर्ष ५४ का भुवन विश्वकर्माको सोमबार बिहान लेक लागेर मृत्यु भएको प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेको जानकारी दिए।

जिल्ला अस्पताल मुगुका चिकित्सक नकुल शाहीका अनुसार विश्वकर्मा आइतबार राति ९ बजे श्वास फेर्न समस्या भएपछि चेकजाँच गर्न जिल्ला अस्पताल पुगेका थिए। चेकजाँच पछि शरीरमा अक्सिजनको कमी छ आइतबारको रात यतै अस्पताल भर्ना हुनुस् भन्दा उनले नमानेको अस्पतालले जनाएको छ। चेकजाँच पछि सल्लेरी फर्किएको तर सोमबार बिहान ६ बजेतिर उनलाई साथीहरूले एम्बुलेन्समा लिएर आएका थिए। अस्पताल पुग्दा उनको मृत्यु भइसकेको चिकित्सक शाहीले जानकारी दिए।

उनका अनुसार भुवनमा मोटोपन थियो। दमको पनि दीर्घरोगी पनि रहेछन्। उच्च हिमाली भूभागमा अक्सिजनको कमीको कारण लेक लागेर काडियो प्रमोनरी एरेष्ट हुँदा उनको मृत्यु हुन गएको हो।

## रक्तदान गरौं

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो।
- आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रू. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali Find Your Dream Job
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

# मुस्लिम समुदायबाट कर्णालीको तारे होटलमा एक्ली म्यानेजर



तृप्ति शाही

सुर्खेत वीरेन्द्रनगर-११ की २७ वर्षीया समिना बानु शुभ होटलमा दुई महिनादेखि 'सेल्स एन्ड मार्केटिङ म्यानेजर' पदमा कार्यरत छिन् । डेढ वर्षदेखि उनी सुर्खेतकै सिद्धार्थ होटलमा काम गर्थिन् । कर्णालीको एक मात्र चारतारे होटल सिद्धार्थमा काम गर्ने उनी पहिलो महिला म्यानेजर हुन् । तारे होटलको म्यानेजर तहमा पुगेकी उनी कर्णाली प्रदेशकै पहिलो महिला हुन् ।

'कर्णालीको होटल व्यवसायमा मुस्लिम समुदायका पुरुषकै सहभागिता शून्य छ,' समिनाले सुनाइन्,'त्यसमाथि महिला त झनै नौलो कुरा भइहाल्यो नि ।' कर्णालीका ठूला होटलमा अन्य समुदायकै महिलाको संलग्नता पनि न्यून छ ।

होटल व्यवसायी महासंघ कर्णाली प्रदेशका अध्यक्ष तर्कबहादुर शाहीले अहिलेसम्म कर्णालीका ठूला होटलमा म्यानेजर पदमा अरु कुनै महिला नभएको बताए । उनका अनुसार कर्णालीमा साना ठूला सबै गरेर सात हजार जति होटल व्यवसाय छन् । महिलालाई घरबाहिर निस्किनै हम्मे पर्ने समाजमा हुर्केर ठूलो होटलको नेतृत्व तहमा पुग्नका लागि उनले गरेको संघर्षको कथा युवतीका लागि प्रेरणादायी भएको उनकी साथी सकिरन बानु बताउँछिन् । सकिरन समिनाको संघर्ष देख्दै हुर्किइन् । साथीको हिम्मत देखेर आफू तथा बहिनीहरूले प्रेरणा लिएको बताउँछिन् । 'समिनाजस्तो परि स्थितिमा पनि संघर्ष गर्ने अनि आफ्नो तर्फबाट पूरै मिहेनत गर्छिन् । उनी त हाम्री प्रेरणा हुन्,' उनले भनिन्, 'उनैलाई देखेर हामी, बहिनी छोरीले सपना देख्न थालेका छन् ।'

समिनाले पढ्नका लागि खासै समस्या झेल्नु परेन । समिनाको पढाइसँगै खेलकुदमा रुचि थियो । तर बाआमाले खेलकुदमा लागेको मन पराउँदैनथे । परिवारबाट उनलाई खेलकुदका लागि विद्यालय बाहिर हुने प्रतियोगितामा जान रोक नै थियो । एकपटक जिल्ला बाहिर आयोजना हुने खेलकुद प्रतियोगितामा छोरी पठाइदिनु पर्‍यो भन्दै शिक्षकहरु उनको घरै पुगेका थिए । अन्तिममा समिनाका बुबा शिक्षिका पनि लैजानु पर्ने सर्तमा छोरी पठाउन तयार भएका थिए ।

'मसँग शिक्षिका पनि जान मन्जुर भएपछि बल्ल मैले घर छाड्ने अनुमति पाएँ,' समिनाले सुनाइन्, 'मेरा छिमेकी साथीले त झनै कठिन समस्या झेले ।' परिवारले जतिनै अवरोध गर्न खोजे पनि आफूले सोचेको काम गरी छाड्ने उनको जिद्दी स्वाभाव थियो । 'महिलाहरू खुम्चिएर घरभित्रैमात्र बस्ने बोल्न पनि नसक्ने अवस्था मलाई मन पनि परेन,' उनले भनिन्, 'मलाई सानैदेखि केही गरेर देखाएर महिलाको प्रेरणा बन्छु भन्ने लाग्थ्यो ।' उनलाई गाउँमा आफ्नो समुदायमाथि हुने विभेद पनि चित्त बुझ्दैनथ्यो । पानी थाप्न धारा-कुवामा जाँदा छुवाछुत गर्थे । उनी भने धारामा छुवाछुत गर्नेको प्रतिरोध गरिरहन्थिन् । स्कुलमा यस्तो छुवाछुत भने उनले भोग्नुपरेन ।

एउटा घटना भने उनले सम्झिरहन्छिन् । एकजना शिक्षकले उनलाई सधैं 'बानो बानो' भनेर जिस्क्याउँथे । 'ए बानो तँलाई बानेर पिट्नुपर्ने हो' भन्थे । अरूलाई नामैले बोलाउने अनि आफूलाई थर काडेर बोलाउँदा उनलाई घोच्थ्यो । तर, एकदिन उनले शिक्षकलाई प्याच्च भनिदिइन्,'तपाईंले मेरो थर काडेर अरू विद्यार्थीलाई के सिकाउन खोजिरहनु भएको छ?' त्यो दिनदेखि शिक्षकले जिस्क्याउने साहस कहिल्यै गरेनन् ।

१६ वर्ष नपुग्दै बुबाआमाले समिनाको बिहे आफ्ना भान्जा वीरेन्द्रनगर बेलघारीका इक्माइल सल्मानीसँग गरिदिए । आमाबुबाको काखमा हुँदा हाँसीखेली विद्यालय जाने समिना बिहेपछि घरबाट बाहिर निस्केर आँगन टेक्न पनि नपाउने अवस्थामा पुगिन् । 'कुर्ता लाउँदा पिठ्यु देखियो भनेर गाली खानु पर्थ्यो,' उनले भनिन्, 'आमाबुबाको घरमा त धेरै सजिलो थियो । त्यस्तो सजिलोमा हुर्केकी मलाई बिहे गरी आएको घरमा गाह्रो हुन थाल्यो ।' पढाइ त छुटेकै थियो एसएलसी दिन जान्छु भनेर उनले सासुससुरालाई सुनाइन् । घरको निर्णायक ससुरा थिए । उनले घरबाहिर खुट्टा टेक्न दिएनन् । उनको परीक्षा छुट्यो । त्यसपछि उनलाई छट्पटी बढ्न थाल्यो । पढ्न नपाएको कुरा श्रीमान्सँग गरिरहन्थिन् । उनका श्रीमान्ले पनि पढ्न पाएका थिएनन् । उनी ग्यारेजमा काम गर्थे । श्रीमान्ले पनि बाबुको निर्णयको अघि केही बोल्न सकेनन् । समिनालाई भने नपढी भएको थिएन ।

उनले चुप लागेर नबस्ने निर्णय गरिन् । अनि एकदिनघरमा भनिन् 'कि त मलाई पढ्न दिनुस् । नत्र तपाईंको छोरालाई छाड्छु ।' त्यो धम्की ससुराले टेरेनन्, तर पनि उनी रोकिइनन् । अनि ससुराले भनेछन्, 'घर छाडेर जाने भए जा । यहाँ बस्दा तेरो मनमौजी चल्दैन ।' त्यसपछि समिनाले



घर छाड्ने निर्णय गर्दा श्रीमान् उनको साथमा उभिए । उनीहरु घर छाडेर कोठा भाडामा लिएर बस्न थाले । बल्ल उनले पढ्न पाइन् । एसएलसी पास पनि भइन् । 'म पास भएपछि इक्माइल (श्रीमान्) खुसी हुनुभो । मैले पढ्न पाइनँ, तिमी पढ भनेर सपोर्ट गर्नुभयो । तर हामीसँग पैसा थिएन, उहाँले आफ्नो हातको सुनको औंठी बेचेर मलाई ११ कक्षामा भर्ना गरिदिनुभो,' उनले भनिन् ।

सकिरनका अनुसार घरबाटै पढ्न सुरू गरेकी समिना आफूहरूभन्दा पहिलैदेखि भिन्दै थिइन् । लवाइखवाइमा समेत उनले परिवार र समाजभन्दा आफूलाई मन लागे अनुसार गर्थिन् । पहाडतिर बसोबास भएको मुस्लिम समुदायमा बुर्का लगाउने नभए पनि कुर्ता-सलवार र टाउकोमा सलचाहिँ लगाउनु पर्थ्यो । उनले त्यो मान्यतालाई पनि लत्याइन् । 'कुर्ता सलवारको बदला उनले पाइन्ट लगाएर हिँड्थिन्,' सकिरन भन्छिन्, 'हामीलाई समेत त्यस्तै भएर हिंड्न मन लाग्थ्यो तर, हामीमा उनको जस्तो साहस भएन ।'

मुस्लिम समुदायमा छोरीलाई घरबाहिर निस्कन बर्जित थियो, तर समिनाले त्यो तगारो निरन्तर नाँघिरहिन् । जब उनी घरबाट निस्किन्थिन् गाउँ, टोल र छरछिमेकमा नकारात्मक दृष्टिले हेर्थे । प्रायः पाइन्ट र टिसर्टमा ठाँटिएर हिँडेको देखेपछि छिमेकीले उनलाई आफ्ना छोरी बिगार्ने काम नगर्न पनि भन्थे । 'मैले पाइन्ट लगाएर हिँड्दा अरूको छोराछोरी किन र कसरी बिग्रेलान् भन्ने लाग्थ्यो,' उनले भनिन्, 'चित्तबुझ्दो जवाफ नआएपछि मैले आफ्नो कुरा छाडिनँ ।' ११ कक्षा पढ्दै गर्दा उनले आफूले पनि जागिर खान पाए भन्ने सोच्दै थिइन् ।

'श्रीमान्ले पनि खाली बस्नु भन्दा रेडियोमा काम गर्न सल्लाह दिनुभो,' उनले सुनाइन्, 'उहाँले सहयोग नगरेको भए मलाई अघि बढ्न निकै गाह्रो हुन्थ्यो ।' बिहान कलेज अनि घरको काम, दिउँसो एफएमको जागिर गरेर उनले केही समय बिताइन् । एफएममा काम गर्दा उनी गर्भवती भइन् । त्यसपछि जागिर छाडिन् । एफएफमा छोटो समय काम गर्दा आत्मविश्वास धेरै बढेको उनले सुनाइन् ।

बच्चा हुर्किन थालेपछि 'आशा सञ्जाल' नामक गैरसरकारी संस्थामा काम थालिन् । त्यो कामले उनलाई बोल्ने, निर्णय लिने, आत्मविश्वास झन् बढायो । सामाजिक संस्थाको काम दिगो नभएपछि उनले ब्युटीपार्लर सिकिन् । अफिसको काम गर्दा परिवारले नरोके पनि ब्यूटीपार्लरको काम भने बुबा र दाजुले रोक्न खोजे । पार्लरमा काम गर्नेहरू 'ठीक' हुन्नन् भन्ने परिवारको बुझाइ थियो । उनले काम नछोडे पछि बुबा र दाजु रिसाए । ब्यूटीपार्लरको काम गरिरहेकै बेला उनका श्रीमान् लाई ब्रेन ट्युमर भयो । 'फेरि सुरू भए मेरा कठिन संघर्षका दिन,' उनले भनिन्, 'दिनभर काम गरेर गर्जो टार्ने हामीलाई उपचारमा धेरै पैसा खर्च गर्नुपर्ने भयो ।' सरसापट गरेर उनले श्रीमान्लाई काठमाडौं लगिन् । पहिलो शल्यक्रिया पछि सामान्य भए । ब्यूटीपार्लरमा काम गर्दै उनले वाणिज्यशास्त्रमा स्नातक गरिन् ।

करिब दुई वर्षअघिको कुरा हो, सुर्खेतको सिद्धार्थ होटलमा मार्केटिङ म्यानेजरको जागिर खुलेको थियो । अन्तर्वार्तामा पास भएर उनी काम गर्न थालिन् । सुरूका तीन महिना १२-१४ घन्टासम्म खट्नु परे पनि हस्पिटालिटीको काममा रमाउँदै गएको उनले बताइन् । 'यो फिल्ड एकदमै राम्रो लाग्यो । सबैभन्दा राम्रो यहाँको अनुशासन,' उनले सुनाइन्, 'त्यसमाथि मार्केटिङ फिल्ड भएकाले नयाँ मान्छेसँग भेटघाट हुन्छ । यो काममा धेरै इन्जोय गरिरहेकी छु ।' सिद्धार्थमा डेढ वर्षको अनुभवपछि उनलाई सुर्खेतको अर्को होटल शुभले मार्केटिङ हेडका रूपमा बोलायो । उनी दुई महिनायता त्यहीं काम गर्दै आएकी छन् । अरू क्षेत्रझै होटलमा महिलालाई काम गर्न पुरूषलाई जति सहज छैन । काम गरेर देखाउने प्रेसरसँगै विभेदकारी मानसिकता झेल्नु परेको उनले बताइन् ।

'कहिलेकाँही विभेद झेल्नुपर्छ । ईर्ष्या भयो भने पुरूष साथीहरूले क्यारेक्टरमै औंला उठाउँछन् । त्यस्ता कुरा मैले कहिलेकाँही बेहोरेकी छु,' उनले भनिन्,'तर आफूलाई लागेको बोल्ने अन्यायको प्रतिरोध गरिहाल्ने मेरो बानी छ । एकपटक यस्तै कुरामा एक जनालाई माफी माग्ने बनाएको छु, काम गरेर देखाउनुपर्छ भन्ने मेरो विश्वास छ ।'

उनले आफ्नो काम गर्ने क्षेत्रमाभन्दा समाजमा रूढीग्रस्त कुरा झेल्नुपरेको बताइन् । एफएममा काम गर्दा एक पुरूष सहकर्मीको बाइकमा सँगै कतै जानुपर्ने भयो । त्यो उनका छिमेकीले देखेछन् । उनले श्रीमान्लाई कुरा लगाइदिएछन्, 'समिना त फलानो केटाको बाइक चढेर घुमिराछ त ।' श्रीमान्ले भनेछन्,'मैले नै पठाको हो । तपाईंलाई के-को टाउको दुखाई?' उनी होटलमा काम गर्दाको कुरा हो । एकदिन दुईवटा होटलमा उनको इभेन्ट मेनेजमेन्ट थियो । त्यही सिलसिलामा एक होटलबाट अर्कोमा आउजाउ गरिरहेकी थिइन् । संयोगले त्यो दिन 'भेलेन्टाइन डे' थियो । होटलबाट निस्केर अटो चढेर उनी घर पुगिन् । भोलिपल्ट कसैले बुबालाई भनेछ, 'तिम्री छोरी त होटलमा पस्दै निस्किदै गर्दै थिई, चाला ठिक देखिएन है ।' कुरा सुनेपछि बुबा रिसाउँदै आएछन् । उनले बुबालाई सम्झाएर पठाइछन् । अचेल भने आफूलाई हेर्ने बुबाको दृष्टिकोण परिवर्तन भएको समिनाले बताइन् ।

खासगरी श्रीमान् बिरामी भएका बेला उनलाई सहयोग गर्नेहरुको पंक्ति देखेपछि उनका बुबा जिब्राइल बक्स चकित परेछन् । त्यसपछि छोरीलाई आफूले इज्जतसाथ हेर्न थालेको उनले बताए । 'छोरीलाई यति धेरै मान्छे, संघसंस्थाले चिनेका रहेछन् । म त बेकारमा शंका गरेर बसेको रहेछु,' उनले भने, 'छोरीको संघर्ष, मिहेनत र उसको अनुशासन देख्दा अहिले म पछुतो मानिरहेको छु । पहिला उसलाई किन गलत ठानेछु भन्ने लागिरहन्छ । अहिले बल्ल म मेरो छोरीमाथि गर्व गर्न थालेको छु ।'

आमा रजिओन बीबीले पनि जागिर खाए त छोरी बलिया हुने रहेछन् भनेर भन्न थालेको समिना बताउँछिन् । 'मलाई सबैभन्दा खुसी यही कुरामा लाग्छ कि मेरो परिवारले मलाई बुझ्न थालेको छ । समाजले बुझ्न थालेको छ,' उनले भनिन् । आफूले पढेर केही गरी देखाएपछि बिस्तारै छोरी पढाउनुपर्ने रहेछ भन्ने कुरा गाउँका मान्छेहरूले बुझ्न थालेको उनले बताइन् । 'मेरै कारण गाउँ समाजमा धेरै मान्छे परिवर्तन भए । पढ्न जान पनि दिन थाले,' समिनाले भनिन् ।

आफूले गरिखाएको कुरामा खुसी हुनै नपाउँदै समिनाको जिन्दगीमा दुःखको पहाड आइलाग्यो । सिद्धार्थ होटलमा काम थालेकै बेला उनका श्रीमान् फेरि बिरामी परे । यसपालि उनका श्रीमान् लाई क्यान्सर भइदियो । त्यो पनि चौथो चरणको क्यान्सर । भक्तपुर क्यान्सर अस्पतालमा उपचार गराउन लगिन् । दोस्रो शल्यक्रियापछि उनका दुवै आँखा बन्द भए । उनलाई समाजमा सबैले इज्जत गर्न थालेका थिए । मान्छेहरूले इज्जतसाथ आफूलाई हेरेको इक्काललाई देखाउन उनलाई खुब मन थियो । तर पाइनन् ।

'मलाई पढ्न र काम गर्न साधै उहाँले साथ दिनुभो । हामीले सँगै संघर्षका दिन काट्यौं । तर मान्छेले हाकिम्नी भनेर मलाई इज्जतसाथ हेरेको देख्न उहाँले पाउनुभएन त्यही कुरा मलाई साधै खट्किरहन्छ,' उनले भनिन् । एक महिनाअघि इक्वालको मृत्यु भयो । सकिना श्रीमान् बचाउन नसकेको पीरबाट अझै तंग्रिन सकेकी छैनन् । घरको काम गर्न, छोरी हेर्नेदेखि अफिस जानसम्म श्रीमान्ले दिएको साथ जीवनमा सबैभन्दा बढी भएको उनी बताउँछिन् । श्रीमान्ले उनको जिन्दगीमा धेरै कुरा दिएर गए । सपना देख्न साथ दिए । कति सपना पूरा भए । ठूला-ठूला नभए पनि उनका केही सपना बाँकी छन् । 'राम्रो होटलको म्यानेजर बन्नु छ । आमा-छोरी बस्ने चिटिक्कको घर बनाउनु छ,' उनले सुनाइन्, 'सामान्य जीवनशैली बाँच्न मन छ, धेरै महत्त्वाकांक्षा छैन । सादा जीवन बाँच्ने हो ।'

घरबाट निस्किँदा रिसले आँखा तर्ने उनको परिवार अचेल समिनालाई जे हुनु भयो जागिर गर्न जा भन्न थालेका छन् । श्रीमान्को मृत्युपछि उनी केही दिनदेखि कार्यालय गइनन् । उनकी आमा रजिओन बारम्बार भनिन्, 'अब पीरमा नबस छोरी । तैंले अफिस जानुपर्छ । अझै धेरै गर्न बाँकी छ ।'

सुर्खेतमा मात्रै मुस्लिम समुदायको एक हजार परिवार र आठ हजार जनसंख्या छ । २०१६ सालदेखि वीरेन्द्रनगर भित्रिएको आफ्नो समुदायको अहिले तेस्रो पुस्ता हुर्किरहेको मुस्लिम समुदायका अगुवा अकबर खानले बताए । कर्णालीका दैलेख र सल्यानमा पनि मुस्लिम समुदायको बसोबास छ । *(कान्तिपुर)*

## विश्व

# युक्रेनको सुरक्षा ग्यारेन्टी बिना युद्धविराम असफल हुनेछ : जेलेन्स्की



**लन्डन, १९ फागुन ।**

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले देशका लागि सुरक्षा ग्यारेन्टीबिनाको युद्धबिराम असफल हुने बताएका छन् । बेलायती मिडियाहरूसँग कुरा गर्दै उनले मित्रराष्ट्रहरूले युद्ध युद्धविरामको आह्वान गरे पनि यसले रुसी आक्रमणको दीर्घकालीन अन्त्य नल्याउने बताएका हुन् ।

लन्डनमा युरोपेली मित्रराष्ट्रहरूसँगको वार्तापछि आइतबार पत्रकार सम्मेलनमा जेलेन्स्कीले युद्धविरामले युद्ध अन्त्य गर्ने विचारलाई 'पर्याप्त नभएको' भन्दै खारेज गरे।

आइतबारको संकट शिखर सम्मेलनपछि फ्रान्सेली राष्ट्रपति इम्मानुएल म्याक्रोनले फ्रान्स र बेलायतले युक्रेनमा 'हावामा, समुद्रमा र ऊर्जा पूर्वाधारमा' एक महिनाको युद्धविराम प्रस्ताव गरेको भनाइ छ। यद्यपि, यसले सुरुमा कम्तीमा जमिनी लडाइँलाई समेट्दैन । 'यदि युक्रेनलाई गम्भीर सुरक्षा ग्यारेन्टीहरू बिना युद्धविरामका लागि बाध्य पारिए सबैका लागि एक असफलता हुनेछ,' जेलेन्स्कीले बेलायतबाट प्रस्थान गर्नुभन्दा केही समयअघि पत्रकारहरूसँग भने । 'कल्पना गर्नुहोस् एक हप्तापछि रुसीहरूले हामीलाई प्रहार गर्नेछन् र हामी उनीहरूतर्फ गोली चलाउनेछौं, पूर्णरूपमा बुझ्न सकिन्छ र यो के हुनेछ ?', कसले पहिलो गोली चलायो भन्नेबारे वर्षौंको झगडाको अनुमान गर्दै उनले भने, 'यसबाट कसलाई फाइदा हुनेछ ? रुसीहरूलाई, तर निश्चित रूपमा हामीलाई होइन ।'

शुक्रबार वासिङ्टनमा भएको क्रोधित मुठभेडका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भान्सले जेलेन्स्कीलाई 'कृतज्ञ' नभएको र उनीरूको प्रस्तावित युद्धविराम सर्तहरू स्वीकार गर्न अस्वीकार गरेको आरोप लगाएका थिए । यद्यपि, जेलेन्स्कीले आफूलाई सुरक्षा ग्यारेन्टी चाहिएको बताएका थिए । विवादास्पद बैठकको परिणामस्वरूप जेलेन्स्की युक्रेनी खनिज अधिकारहरू साझा गर्नेबारे प्रारम्भिक सम्झौतामा हस्ताक्षर नगरिकन ह्वाइट हाउस छाडेका थिए ।


Government of Nepal

# Chaukune Rural Municipality
# Office of the Rural Municipality

Gutu, Surkhet

## INVITATION FOR BIDS (IFB)

**First date of publication: - (2081/11/20)**

1. Chaukune Rural Municipality Gutu, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding
2. The details of projects are as follows:

| S. N. | Contract No. | Description of Work | Total Estimated Amount (Without VAT and Ps) Nrs. | Bid Security Amount (Nrs) | Bid Document Fee(Nrs) | Bid Validity/Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ WORKS/ 05/081-082 | Construction of Sabha hall at Dippeshwar Dharmik paryatakiya sthal Bheri Karnali Dobhan Chaukune-09,Ghatgaun Surkhet | 96,90,937.10 | 2,42,300/- | 3000/- | 90 days/120 days from last date of bid submission | 2081/12/21 until 12:00 Noon |
| 2 | CRM/SQ/ WOORS/ 10/081-082 | Construction of Bhedichaur bagmara aa.bi school Building at chaukune-04, Surkhet | 16,76,844.71 | 42,000/- | 1000/- | 45 days/75 days from last date of bid submission | 2081/12/06 until 12:00 Noon |
| 3 | CRM/SQ/ WOORS/ 09/081-082 | Construction of Mahakali aabi school Building at chaukune-02, Bola, Surkhet | 15,39,425.47 | 38,500/- | 1000/- | 45 days/75 days from last date of bid submission | 2081/11/27 until 12:00 Noon |

3. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

## ‘निजी क्षेत्रलाई लगानी गर्ने वातावरण सहज बनाउँछौं’

**युग संवाददाता**
**दाङ, १९ फागुन ।**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निजी क्षेत्रलाई लगानी गर्ने सहज वातावरण बनाउन लागिपरेको बताएका छन् । दाङको तुलसीपुरस्थित राप्ती लाइफ केयर अस्पतालको १८औं वार्षिकोत्सव तथा भवन उद्घाटन कार्यक्रमलाई सोमबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले निजी क्षेत्रलाई लगानीमा उत्साहित हुने वातावरण तयार गर्ने बताए । उनले भने, “तपाईंहरू लगानी गर्न उत्साहित भएर लाग्नुस्, लगानीको वातावरण सरकारले निर्माण गर्छ ।”

त्यस अवसरमा तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख टीकाराम खड्काले शिक्षा, स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रले खेलेको भूमिका उल्लेख्य रहेको बताए । निजी क्षेत्रको लगानीले पनि राज्यलाई सहयोग पुऱ्याएको उनको भनाइ थियो ।


२७ करोड लगानी गरेर सञ्चालनमा आएको एक सय शैयाको अस्पतालले वार्षिक १७ करोड ७३ लाख वार्षिक कारोबार गर्दै आएको जनाएको छ । अस्पतालले प्रमाणपत्र तहमा नर्सिङ र सामान्य चिकित्साको कक्षा सञ्चालन गरिरहेको छ, भने आगामी वर्षमा ल्याब र फार्मेसीका कार्यक्रम सञ्चालन गर्ने गरी अनुमति ल्याइसकेको अस्पतालका अध्यक्ष हरि रिजालले बताए ।

अस्पतालले जनरल मेडिसिन, हाडजोर्नी तथा नसा, प्रसूति तथा स्त्रीरोग, जनरल सर्जरी, नवजात तथा बालरोग, नाक, कान, घाँटी रोग, मानसिक तथा नशा रोग, रेडियोलोजिस्ट, एनेसथेसिया तथा कृटिकल केयर न्यूरो, फेजिसियनलगायतका विशेषज्ञ सेवा प्रदान गरेको छ ।

अस्पतालले १० प्रतिशत शैया निःशुल्क उपलब्ध गराउँदै आएको छ । त्यस्तै नर्सिङ र सामान्य चिकित्सा अध्ययनरत १० प्रतिशत विद्यार्थीलाई निःशुल्क अध्यापन पनि गराउँदै आएको जनाएको छ । अस्पतालमा दुईसय नौ जनाले रोजगारी पाएका छन् ।

# उच्चस्तरको दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न आग्रह

**युग संवाददाता**
**काठमाडौँ, १९ फागुन ।**



कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले काठमाडौँमा उच्चस्तरको दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न जापान सरकारसँग आग्रह गरेका छन् । नेपालका लागि जापानका राजदूत मायडा तोरुले सिंहदरबारस्थित मन्त्रालयमा मन्त्री अधिकारसँग भएको भेटमा उनले नेपालले दुग्ध क्षेत्रको विकासमा धेरै प्रगति गरे पनि प्रशोधन केन्द्रको आवश्यकता रहेको भन्दै सहयोगका लागि आग्रह गरेका हुन ।

मन्त्री अधिकारीले जापानले नेपालको कृषि क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा कृषिको आधुनिकीकरणका लागि पनि थप सहयोगको अपेक्षा गरिएको बताए ।

“जापानले प्रविधिको प्रयोगमार्फत गरेको उत्पादन वृद्धि र यसले समग्र कृषिको क्षेत्रमा पुऱ्याएको उपलब्धि महत्वपूर्ण छ, कृषि क्षेत्रमा जापानले गर्दै आएको प्रयोग नेपालले पनि सिक्न जरुरी रहेकाले प्राविधिक ज्ञानका लागि सहकार्य गर्न सकिन्छ, अहिले पनि जापानी स्वयम् सेवकहरूले मन्त्रालय मातहतका विभिन्न कार्यलयमार्फत सहयोग गरिरहेका छन्, यसमार्फत जापानमा प्रचलित कृषिको अभ्यास नेपालीले सिक्ने मौका प्राप्त भएको छ”, मन्त्री अधिकारीले भने ।

नेपालले कृषिमा लगानी दशक घोषणा गरी लगानी भित्र्याउने नीति लिएको उल्लेख गर्दै उनले जापानी लागानीकर्तालाई पनि नेपालमा लगानीका लागि सहजीकरण गरिदिन राजदूतसमक्ष आग्रह गरे । आगामी वर्ष नेपाल जापान कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वर्ष पुग्दैछ । उक्त अवसरमा जापानबाट प्राप्त भइरहेको निःस्वार्थ सहयोग अझ वृद्धि हुनेमा मन्त्री अधिकारीले विश्वास व्यक्त गरे ।

भेटवार्तामा जापानी राजदूत तोरुले नेपालको कृषि क्षेत्रमा धेरै सम्भावना रहेकाले कृषि क्षेत्रमा हाल जारी सहयोगलाई निरन्तरता दिइने बताए । आगामी दिनमा सहयोगका थप सम्भावनाको अध्ययन गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गरे ।

जापानले कृषि क्षेत्रको विकासमा उपकरणको प्रयोगलाई महत्व दिएको उल्लेख गर्दै नेपालले पनि कृषिमा आधुनिकीकरण गर्दै जानुपर्नेमा राजदूत तोरुले जोड दिए । नेपालको चिया र हर्बल उत्पादनको जापान राम्रो बजार हुनसक्ने भएकाले यसको निर्यातका लागि सहकार्य गर्न सकिने पनि राजदूत तोरुले उल्लेख गरेका थिए ।

## बिषादी कम...

धेरै हुनु, कपुरकोट गाउँपालिकाका धेरैजसो भूभागमा बेमौसमी तरकारी खेती लागेको गाउँपालिकाको वडा नं. ४ का वडाध्यक्ष मित्र कडायतले बताए । ‘तरकारीमा बिषादी प्रयोग नगरि तरकारी बाच्दैन् । बिषादी प्रयोग नगरे तरकारी फलाउने किसान बाच्दैन्,’ उनले भने,‘अहिले हामीले जैविक मल प्रयोग गर्ने अभियान चलाएका छौं । तर, त्यसले पुगेको छैन् ।’ रसायनिक मल प्रयोग हुँदै आएको अहिले त्यसको असर खेतीबालीमा देखिन थालेको वडाध्यक्ष कडायतको भनाई रहेको छ । ‘खाद्यबालीमा रसायन प्रयोगको असर अहिले केही ठाउँमा देखिन थालेको छ,’ उनले भने, ‘खाद्यबाली उत्पादनमा ह्रास आउनुका साथै मानव जीवनमा असर गरेको छ ।’ वडाध्यक्ष कडायतका अनुसार कपुरकोट कृषि उपज संकलन केन्द्रबाट वार्षिक ३० देखि ४० करोडसम्मको तरकारी निकासी हुने गरेको छ ।

## बिषादी...

नराखिएको चालू वर्षमा गरिने अभियानबाट त्यसको प्रभावको बिषयमा मूल्याङ्कन गरिने प्रयोगशालाका प्रमुख रोकायले जानकारी दिए ।

‘विगत लामो समयदेखि बिषादीमुक्त बनाउनका लागि अभियान थालेका थियौं,’ उनले भने, ‘त्यसको प्रभाव मूल्याङ्कनको बिषयमा कुनै रेकर्ड राखिएको छैन् । अबदेखि त्यो रेकर्ड राख्ने अभियान सञ्चालन हुनेछ ।’

बिषादीका कारणले जैविक विविधतामा असर, वातावरणको खाद्य श्रृंखला, खाद्य चक्रमा भएका जीवहरुको प्रजातिहरु नष्ट, बाली बिरुवामा परागशेचन गराउने पुतली र मौरीमा असर, वातावरणीय खाद्य श्रृंखलामा असर, भूस्खलन, माटोको बनौट र उर्वराशक्तिमा असर, पानीको गुणस्तरमा असर, चराचुरुङ्गिमा असर, माछा र जलचरमा असर गर्ने भएका कारणले कर्णालीका त्यसलाई न्यूनिकरण गर्नका लागि अभियानको थालनी गर्ने प्रयोगशाला प्रमुख रोकायले बताए ।


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**Bheri Babai Diversion Multipurpose Project**
Birendranagar, Surkhet

**Invitation for Sealed Quotation**

**[Date of Publication: 2081/11/20]**

1. Bheri Babai Diversion Multipurpose Project (BBDMP) invites sealed quotations from registered Suppliers for the Supply and Delivery of following items:

| S. N. | IFB NO: | Description | Bid Document Fee(Non-Refundable) | Minimum Bid Security | Bid Security Validity | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | BBDMP/GOODS/SQ-2/SP/081-82 | Supply and Delivery of 5 Nos. of 25hp submersible electric water pump set and control panel to the site office of Bheri Babai Diversion Multipurpose Project at Bheriganga-11, Chiple, Surkhet | NRs.1,000.00 | NRs. 45,000.00 | 2-Jun-25 | 19-Mar-25 1:00 PM |
| 2 | BBDMP/GOODS/SQ-3/GBN/081-82 | Supply and Delivery of Gabion Box for Emergency Works at Bheriganga-05, Hattikhal, Surkhet | NRs.1,000.00 | NRs. 50,000.00 | 2-Jun-25 | 19-Mar-25 1:00 PM |

2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of BBDMP, Birendranagar, Surkhet, OR [may visit PPMO website www.bolpatra.gov.np.]

**Project Director**

**Birendranagar Municipality**
**Office Of The Municipal Executive**
Birndranagar, Surkhet
Karnali province, Nepal

**Invitation For Bids**

**(First Date of publication: - 2081.11.20 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111 & PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| NCB/BM/W/081/082/57 | Khoriya to Tourism area Jarbuta Danda Road Upgrading Works | NRs. 3000/- | NRs. 3,540,587.20 | NRs. 88000.00 |
| NCB/BM/W/081/082/58 | Alayachaur Swasthya Kendra Bhawan Nirman, Birendranagar 9, Surkhet | NRs. 3000/- | NRs. 26,17,130.84 | NRs. 65,450.00 |
| NCB/BM/W/081/082/59 | Road Maintenance Works of Different Roads in Birendranagar Municipality, Surkhet | NRs. 3000/- | NRs. 73,15,217.36 | NRs.1,82,900.00 |

**Chief Administrative Officer**

**सार्वजनिक सूचना**

**छेपाडे खर्क देखि अछाम जिल्लाको सिमाना सम्म सडक अन्तर्गत “छेपाडे खर्क देखि माथिल्लो पाल्त सम्मको सडक खण्ड” निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/११/२१)**

कर्णाली प्रदेश, कालिकोट जिल्ला, नरहरिनाथ गाउँपालिकामा नरहरिनाथ गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | कर्णाली प्रदेश सरकार<br>नरहरिनाथ गाउँपालिका<br>कुमालगाउँ, कालिकोट, नेपाल<br>ई-मेलः info@narharinathmun.gov.np |
| **प्रस्तावको व्यहोरा** | छेपाडे खर्क देखि अछाम जिल्लाको सिमाना सम्म सडक अन्तर्गत “छेपाडे खर्क देखि माथिल्लो पाल्त सडक खण्ड (४ कि.मि)” निर्माण<br>सडकको क्षेत्राधिकार-२० मि.<br>जम्मा सडकको लम्बाई-४ कि.मि. |
| **प्रभाव पर्ने सक्ने जिल्ला/गा.पा.** | कालिकोट जिल्ला, नरहरिनाथ गाउँपालिका, वडा नं.-९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका, डिभिजन वन कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :**

| **प्रस्तावकको नाम र ठेगानाः** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| कर्णाली प्रदेश सरकार<br>नरहरिनाथ गाउँपालिका<br>कुमालगाउँ, कालिकोट, नेपाल<br>ई-मेलः info@narharinathmun.gov.np<br>वेबसाईट : http://narharinathmun.gov.np | Bhugol Engineering Consultant<br>Pvt. Ltd.<br>Kathmandu<br>E-mail: bhugol.eng@gmail.com<br>9851224024/9844839417 |

**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

**Road Infrastructure Development Office**
**Rukum (East)**

**Invitation for Bids**

***Date of publication: 2081-11-20 (March 4, 2025)***

1. Road Infrastructure Development Office, Rukum (east) invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

**Details of the contracts:-**

| S. N. | Contract ID | Estimated Amt. without VAT (Inclusive of P.S.) | Bid Doc. Fees (NRS.) | Bid Security Amt. (NRS) | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 1. | RIDO/RUK/W/Ro/SQ/Re- 32/081-82 | 7,86,450.39 | 1,000 | 20,000.00 | 2025/06/02 |
| 2. | RIDO/RUK/W/Ro/SQ/Re-36/081-82 | 8,46,060.48 | 1,000 | 25,000.00 | 2025/06/02 |
| 3. | RIDO/RUK/W/Ro/NCB/39/081-82 | 42,77,758.74 | 3,000 | 1,30,000.00 | 2025/08/01 |
| 4. | RIDO/RUK/W/Ro/SQ/40/081-82 | 8,50,106.23 | 1,000 | 25,000.00 | 2025/06/02 |
| 5. | RIDO/RUK/W/Ro/SQ/41/081-82 | 12,82,001.76 | 1,000 | 35,000.00 | 2025/06/02 |
| 6. | RIDO/RUK/W/Ro/SQ/42/081-82 | 9,44,315.98 | 1,000 | 25,000.00 | 2025/06/02 |

2. Bidders shall download and inspect the bidding documents and submit their bids electronically accompanied by a scanned copy of the bid security in .pdf format through e-procurement section of PPMO's website: www.bolpatra.gov.np/egp.

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

## पूर्वाधार विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत

**कर्णाली प्रदेश सरकारबाट कार्यान्वयन गरिने विकास आयोजनाको आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी अन्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति: २०८१/११/२०)**

कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८१/०८३ को लागि मिति २०८१/१२/०१ गतेभित्रमा यस निर्देशनालयमा आयोजना प्रस्ताव पेश गर्न प्रदेश सभा सदस्य ज्यू, सरोकारवाला तथा जिल्ला अन्तर्गतका ९ वटै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा अन्य स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना र हाल सञ्चालनमा रहेका विकास आयोजनासँग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ मा उल्लिखित विषयक्षेत्रको आधारमा रही, अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव गर्नुपर्नेछ।यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा जानकारीको लागि कर्णाली प्रदेश योजना आयोगको वेवसाइट kppc.karnali.gov.npबाट डाउनलोड गर्न सकिनेछ। अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा मन्त्रालय/निर्देशनालयको टेलिफोन नं. ०८३-५२१४५९/०८३-५२३००८ वा इमेल: iddsurkhet@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

**आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशन मिति: २०८१/११/२० गते)**

आयोजनाहरुको प्रस्ताव तथा छनोट प्रक्रियालाई पारदर्शी, जवाफदेही, सहभागितामूलक एवं व्यवस्थित र प्रभावकारी कार्यान्वयनको लागि कर्णाली प्रदेश सरकारको मिति २०८१।११।१३ गतेको निर्णयानुसार "आयोयजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ "स्वीकृत भई कार्यान्वयनमा आएको हुँदा कर्णाली प्रदेश सरकारबाट आगामी आ.व. २०८२/८३ मा कार्यान्वयन गर्नुपर्ने आयोजनाहरु प्रस्तावको लागि प्रदेश सरकारका १० वटै जिल्लास्थित विषयगत निर्देशनालय/कार्यालय/इकाईहरुबाट प्रकाशन गरेको सूचना अवधिभित्र उक्त निर्देशनालय/कार्यालय/इकाइहरुमा अनुसूची २ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव निवेदन पेश गर्न जानुहुन सरोकारवाला सबैमा यही सूचना मार्फत जानकारी गराईन्छ।

## चौकुने गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल।

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिती : २०८१।११।२०**

यस चौकुने गाउँपालिकाबाट मिति २०८१।०८।२१ गते Construction of Roadway Excavation and upgrading of Dhurkhola-Mayatal-Rekcha road at Chaukune Surkhet. (CRM/NCB/WORKS/02/081-82) सम्बन्धी आह्वान गरिएको बोलपत्रको प्राविधिक तथा आर्थिक प्रस्ताव मध्ये मिति २०८१।११।१९ गते बसेको मुल्याङ्कन समितिको निर्णय बमोजिम तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राहि देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ को उपनियम ५ बमोजिम मिति २०८१।११।२७ गतेका दिन यस चौकुने गाउँपालिकाको कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलीने गरी सम्बन्धीत सबैको जानकारीका लागि सूचना प्रकाशन गरिन्छ।

**तपशिल:**

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राहि देखिएका बोलपत्रदाताको नामावली |
|---|---|---|---|
| 1 | | Construction of Roadway Excavation and upgrading of Dhurkhola-Mayatal-Rekcha road at Chaukune, Surkhet | १. पृथ्वि कन्स्ट्रक्सन बर्दगोरीया-४, कैलाली।<br>२. Ramesh/B & P JV Birendranagar-4, Surkhet |

**प्रमुख प्रशासकीय अधिकृत**

# मानविय संसाधन प्रणाली सुदृढिकरण गर्न अभिमुखिकरण

**◣युग संवाददाता**
**सुर्खेत, १९ फागुन ।**

सहरी विपद तथा भूकम्पीय पूर्व तयारी सुपर २ (दुई) परियोजना अन्तरगत कर्णाली प्रदेश स्तरिय अभिमुखीकरण कार्यशाला सम्पन्न भएको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालय कर्णाली प्रदेशको आयोजना, युरोपियन युनियनको आर्थिक सहयोग युएनडिपि, युनिसेफ, युएन युमनको प्राविधिक सहयोग र सुन्दर नेपाल संस्थाको स्थानीय सहजिकरणमा परियोजना सञ्चालित छ।

कर्णाली प्रदेशमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको वर्तमान अवस्था तथा पहलहरुको जानकारी र विपद् व्यवस्थापनका क्षेत्रगत अवधारणाको अभ्यासहरुको बुझाईको साथै सुधार गर्नुपर्ने कुराहरुको बारेमा क्षेत्रगतरुपमा प्रस्तुतीकरण गरिएको थियो।

त्यसैगरी विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि क्षेत्रगत अवधारणा,राहत तथा प्रतिकार्य कार्यक्रमको ढाँचा, मानवीय सहायताको चार सिद्धान्त, ९ वटा प्रतिवद्धताको बारेमा डिपिनेटका कोषाध्यक्ष केशव दत्त भट्टले सहजिकरण गरेका थिए।

त्यसैगरी विपद् प्रतिकार्यका लागि विश्वव्यापीरुपमा र राष्ट्रियरुपमा एघार वटा क्षेत्र भए पनि कर्णाली प्रदेशमा नौ वटा क्षेत्रको पहिचान गरी कर्णाली प्रदेशमा आआफ्नो भूमिका र जिम्मेवारी बहन गरेको कुरा आन्तरिक मन्त्रालय तथा कानुन मन्त्रालयका कानुन उप सचिव उत्तम गौतमले बताए। साथै विपद प्रतिकार्यमा विमा संस्थान तथा नीजि क्षेत्रको पनि उत्तिकै भूमिका रहने भएकोले आगामी दिनमा क्षेत्रगतरुपमा नै समेटेर अघि बढ्नुपर्ने कुरा छलफल भएको थियो।

कार्यक्रममा कर्णाली प्रदेशमा विपद् पूर्व तयारी तथा प्रतिकार्य गर्दा अहिलेको अवस्था कस्तो छ, मुख्य समस्या के के छन, समस्याहरुको समाधान कसरी हुन सक्छ र जोखिम सूचना प्रवाह र पूर्व चेतावनी प्रणाली सुधार गर्न के गर्नुपर्छ भन्ने विषयमा समूह कार्य गरी आएका कुरालाई विपद प्रतिकार्य योजनामा समेटेर लैजाने सहमती पनि भएको थियो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन सचिव उत्तम गौतमको अध्यक्षता मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयका कानुन सचिव विरेन्द्र बुढाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेशस्तरमा कार्यरत सुरक्षा निकाय,क्षेत्रगत लिड तथा कोलिडहरुको प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यक्रमको अन्त्यमा फोकल पोइन्ट एजेन्सी डब्लुएफपि कर्णाली प्रदेशका प्रमुख पूर्ण नेपालीले सबै क्लष्टरलाई संगसंगै सकृय भएर लाग्न मन्त्रालय तथा दातृ निकायहरुले पनि पहल गर्नुपर्ने बताए। त्यसैगरी नेपाल रेडक्रस सोसाइटीका कर्णाली प्रदेश अध्यक्ष लिलाराम सुवेदीले विपद्को सामना सबैले गर्नुपर्ने भएकोले तेरो मेरो भन्ने भावना नराखी जिम्मेवारी र भूमिका अनुसार मानवीय सेवामा लाग्नुपर्ने बताए।

मुख्यमन्त्री तथा मन्त्री परिषदका कानुन सचिव विरेन्द्र बुढाले प्रभावित समुदायलाई पनि साझेदार बनाउने र स्थानीय समुदायलाई क्षमतावान गराउन सकेमा विपद्बाट हुने क्षति कम गर्न सकिने बताए।

# सेयर....

सचेतना अभिवृद्धि कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकालले सेयर बजार बारे जानकारीको अभाव रहेको बताउँदै प्रदेशको आर्थिक विकासका लागि पुँजी परिचालन गर्न धितोपत्रसम्बन्धी अभिमुखीकरण आवश्यक रहेको उल्लेख गरिन।

नेपाल धितोपत्र बोर्डका प्रतिनिधि राजु बिसीका अनुसार बोर्डले प्रदेश स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। कार्यक्रममा नेपाल स्टक एक्सचेन्जका बरिष्ठ अधिकृत मिलन मगर लगाएतका विषय विज्ञहरुले सेयर बजारमार्फत लगानी तथा रोजगारीका अवसर सिर्जना गर्न सकिने भए पनि सचेत र जानकारीयुक्त लगानी आवश्यक रहेको बताएका थिए।
















**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।